अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग १ साग सम्बन्धित

धनुषाधाम नगरपालिका
# स्थानीय राजपत्र

धनुषाधाम नगरपालिका
**स्थानीय राजपत्र**
खण्ड-१ संख्या-२ मिति २०८१/९/२१ भाग-१

धनुषाधाम नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा ७६ दिएको अधिकार प्रयोग गरी धनुषाधाम नगरपालिका क्षेत्रभित्र संचालित सामुदायिक तथा परम्परागत विद्यालयहरुमा शिक्षक अभाव परिपूर्तिको लागि सेवा करारमा नगर शिक्षक व्यवस्था गर्न नगर कार्यपालिकाको मिति २०८१/०९/२१ को निर्णयबाट स्वीकृत भएबमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२१**

प्रस्तावना: धनुषाधाम नगरपालिका क्षेत्रभित्र संचालित सामुदायिक एवं परम्परागत विद्यालयहरुमा विद्यमान शिक्षक अभाव परिपूर्ति गर्ने, पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकारको सूची एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन गर्ने वान्छनीय भएकोले धनुषाधाम नगरपालिका,धनुषाधाम, धनुषाले यो कार्यविधि बनाई जारी गरेको छ ।



परिच्छेद -१

प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : (क) "नगर शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त नगर शिक्षक सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले धनुषाधाम नगरपालिका, धनुषाधाम, धनुषा सम्झनुपर्छ ।

(ग) "नगर सभा" भन्नाले धनुषाधाम नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले धनुषाधाम नगरकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "प्रमुख" भन्नाले धनुषाधाम नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

(च) "कार्यालय" भन्नाले धनुषाधाम नगर कार्यपालिकाको कार्यालय धनुषाधाम, धनुषा सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनुषाधाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले नगर शिक्षक छनौटका लागि गठित नगर शिक्षक छनौट समिति सम्झनुपर्छ ।

(झ) "परीक्षा" भन्नाले नगर शिक्षक छनौटका लागि समितिद्वारा संचालन गरिने लिखित परीक्षा प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामध्ये कुनै एक परीक्षा वा दुई वा तीन वटै परीक्षा सम्झनुपर्छ ।

(ञ) "विद्यालय" भन्नाले धनुषाधाम नगरपालिका क्षेत्रभित्र संचालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालय सम्झनुपर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले धनुषाधाम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ : (क) नगर क्षेत्रभित्र संचालित सामुदायिक आधारभूत तथा माध्यमिक एवम् परम्परागत विद्यालयहरुमा शिक्षक अभाव परिपूर्ति गर्न नगर शिक्षकहरुको छनौट तथा सिफारिसका लागि परीक्षा संचालन गर्ने,

(ख) शिक्षक अभाव भएका सामुदायिक एवम् परम्परागत विद्यालयहरुको पठनपाठन व्यवस्थित गर्ने



(ग) सामुदायिक एवम् परम्परागत विद्यालयहरुको सेवा प्रवाह एवम् शैक्षिक गुणस्तर सुधार गर्ने,

(घ) नगरपालिकाबाट हुने नगर शिक्षक भर्ना प्रक्रियालाई व्यवस्थित तुल्याउने ।

## परिच्छेद-२
## नगर शिक्षक कोटा निर्धारण र वितरण व्यवस्था

४. नगर **शिक्षक कोटा निर्धारण र वितरण** : (१) नगरपालिकाले आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी शिक्षा, युवा तथा खेलकुद शाखाको सहयोगमा नगर शिक्षा समितिले नगर शिक्षक कोटा (संख्या) निर्धारण गरिनेछ । कोटा निर्धारण गर्दा शिक्षा नियमावली, २०५९ अनुसार अनुसूची १२ को नियम ९२ सँग सम्बन्धित अनुसार प्राप्त दरवन्दी, राहत र अनुदान बाहेक नपुग कोटा निर्धारण गरिनेछ । (२) नगरभित्रका सामुदायिक विद्यालयहरुमा नगर शिक्षक कोटा (संख्या) वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिनेछ ।

(क) विद्यालयहरुमा अध्ययनरत विद्यार्थी संख्या एवम् शिक्षक संख्याका आधारमा शिक्षक अभाव रहे/नरहेको तथा सहज ढंगले पठनपाठन हुन सक्ने वा हुन नसक्ने यकिन गरी विद्यालयगत रूपमा कोटा निर्धारण गरिनेछ ।

(ख) कक्षागत र विषयगत शिक्षक नपुग भएका सामुदायिक एवम् परम्परागत विद्यालयहरुमा कक्षागत रूपमा प्रति कक्षा न्यूनतम ५० जना विद्यार्थी भएमा नगर शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ तर माथिल्लो तहमा तोकिएभन्दा कम शिक्षक दरबन्दी वा राहत अनुदान भएमा र तल्लो तहमा विद्यमान शिक्षक संख्याले कक्षागत रूपमा शिक्षक नपुग भएमा नगर शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ ।

(ग) सेवाक्षेत्रको जनसंख्या र विद्यार्थी संख्या न्यून भएमा एवम् भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा नगर शिक्षक कोटा उपलब्ध गराइने छैन ।

(३) पहिलो पटकको लागि विद्यालयमा आवश्यक तहगत एवम् विषयगत शिक्षक संख्या र नगरपालिकाको आन्तरिक स्रोतका आधारमा चाहिने कुल नगर शिक्षक संख्या यकिन गरी निर्धारण गरिनेछ ।

(४) विद्यालयगत रूपमा वितरण गरिने कोटा अनुसार नगर शिक्षक खटिंदा समेत सहजरूपमा विद्यालय संचालन हुन नसकेको र शैक्षिक गुणस्तरमा सुधार आउन नसकेको व्यहोरा नगरपालिकाबाट गरिएको अनुगमन प्रतिवेदन र शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिस देखिएमा नगरपालिकाले सोको प्रभाव मूल्यांकन गरी नगर शिक्षा समितिले नगर शिक्षक कोटा पुनर्वितरण एवम् फिर्ता गर्न सक्नेछ ।



प्रसाद दास
मण्डल

## परिच्छेद -३
## नगर शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

५. **नगर शिक्षक छनौट समिति गठन :** (१) यस कार्यविधि अनुसार निर्धारित पदमा नगर शिक्षक छनौट गरी सिफारिस गर्नको लागि देहाय बमोजिमको एक नगर शिक्षक छनौट समिति रहनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगर शिक्षा समितिको सदस्यहरुमध्येबाट सो समितिको अध्यक्षले तोकेको एक जना - सदस्य

(घ) सम्बन्धित विषयको विषयविज्ञ - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) तहगत र विषयगत आवश्यकताका आधारमा समितिले आवश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु नगर शिक्षक छनौटका लागि लिइने परीक्षा सम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(३) समितिको कार्यसंचालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. नगर **शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार :** (१) नगर शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधि अनुसार सामुदायिक एवम् परम्परागत विद्यालयहरुका लागि तोकिएका पदसंख्यामा नगर शिक्षक करार नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा संचालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) विज्ञापन प्रकाशन गर्दा तह, विषय र शिक्षक संख्या निर्धारण गर्ने,

(ग) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरुको छनौट गर्न लिखित परीक्षा,प्रयोगात्मक परीक्षा ( आवश्यकतानुसार) र अन्तरवार्ता संचालन गर्ने,

(घ) लिखित तथा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण हुने उम्मेदवारहरुमध्ये आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी अन्तरवार्ताको लागि छनौट गर्ने, तर अन्तिम क्रमसंख्यामा एक जनाभन्दा बढी उम्मेदवारले समान अंक प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम अन्तरवार्ताको लागि प्रकाशन गर्ने,

(ङ) अन्तरवार्ताको लागि छनौट भएका उम्मेदवारहरुको अन्तरवार्ता संचालन गर्ने । आवश्यक संख्यामा सफल उम्मेदवारहरु छनौट गरी योग्यताक्रम सहित नियुक्तिका लागि विद्यालयलाई सिफारिस गर्ने र उपलब्ध भएसम्म आवश्यक पद संख्याको १० प्रतिशत उम्मेदवारहरु थप गरी वैकल्पिक योग्यताक्रम सूची प्रकाशन गर्ने ।

## परिच्छेद-४
## विज्ञापन प्रकाशन, प्रतियोगितात्मक परीक्षा र र सिफारिस सम्बन्धी व्यवस्था

७. **विज्ञापन प्रकाशन गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम नगर शिक्षक पदमा पदपूर्तिको लागि कम्तीमा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नुपर्नेछ । आवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(२) प्रकाशित विज्ञापनमा थपघट वा संशोधन गर्नुपरेमा प्रथम पटक प्रकाशन भएको मितिले १० दिनभित्र समितिले थपघट वा संशोधन गर्न सक्नेछ ।

८. **योग्यता तथा तालिम सम्बन्धी व्यवस्था :** (१) नगर शिक्षक पदमा उम्मेदवार हुनको लागि देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिक मात्र योग्य हुनेछन् :

(क) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, मगज नबिग्रेको, नैतिक पतन देखिने फौजदारी

अभियोगमा कसूरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(ख) आधारभूत तह (कक्षा १-५) को लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा शिक्षा विषयमा कक्षा ११-१२ उत्तीर्ण गरेको र आधारभूत तह (कक्षा ६-८)को लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा शिक्षा विषय लिई कक्षा ११-१२ उत्तीर्ण गरेको,

(ग) माध्यमिक तह (कक्षा ९-१०) को लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा स्नात्तक तह उत्तीर्ण गरेको र माध्यमिक तह (कक्षा ११-१२) को लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

(घ) शिक्षक सेवा आयोगबाट तह अनुसारको स्थायी अध्यापन अनुमति पत्र लिएको ।

९. **पदपूर्तिको माध्यम :** (१) नगर शिक्षक पदपूर्तिका लागि नगर शिक्षक छनौट समितिले देहायबमोजिमको प्रक्रिया अवलम्वन गरी लिखित परीक्षा तथा अन्तर्वार्ता संचालन गर्नेछ :

(क) लिखित परीक्षाको पूर्णांक र उत्तीर्णंक पाठ्यक्रममा निर्धारण भएबमोजिम हुनेछ ।

(ख) आवश्यकता अनुसार लिइने प्रयोगात्मक परीक्षाको पूर्णांक २५ र उत्तीर्णंक १० हुनेछ ।

(ग) अन्तर्वार्ता २० अंकको हुनेछ, जसमध्ये शैक्षिक योग्यताको ३, शिक्षण अनुभवको २, स्थानीयता वापतको ५ र व्यक्तिगत अन्तर्वार्ताको १० अंक हुनेछ :

- शैक्षिक योग्यता वापत प्रथम श्रेणीको ३ अंक, द्वितीय श्रेणीको २ अंक र तृतीय श्रेणीको १ अंक हुनेछ । श्रेणी नखुल्ने प्रमाणपत्रको हकमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।



- शिक्षण अनुभववापत सम्बन्धित तह र विषयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी वा राहत अनुदानमा अस्थायी/करार शिक्षक पदमा शिक्षण गरेको भए १ वर्षभन्दामाथि ५ वर्षसम्मको अनुभव भए १ अंक र सोभन्दा माथिको अनुभव भए २ अंक दिइनेछ ।

- उम्मेदवार धनुषाधाम नगरपालिकामा स्थायी बसोबास रहेको प्रमाणपत्र नागरिकता, बसाइसराइ वा विवाहदर्ताको प्रमाणपत्र) पेश गर्नुपर्नेछ ।

- शिक्षक सेवा आयोगबाट वैकल्पिकको सूचिमा परेका उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

व्यक्तिगत अन्तर्वार्ता १० अंकको हुनेछ, जसमा व्यक्तित्ववापत १ अंक, प्रस्तुतीकरणवापत १ अंक, शिक्षण विधि एवम् शिक्षा मनोविज्ञान सम्बन्धी ज्ञानवापत २ अंक र सम्बन्धित विषयवस्तुको ज्ञानवापत ६ अंक रहनेछ ।

११. **लिखित परीक्षाको पाठ्यक्रम र अंकभार :** (१) तहगत तथा विषयगत रूपमा शिक्षक सेवा आयोगवाट खुला प्रतियोगितात्मक परीक्षाको लागि निर्धारित/संशोधित पाठ्यक्रम नै नगर शिक्षक छनौटको लागि लिइने परीक्षाको पाठ्यक्रम हुनेछ ।

१२. **प्रश्नपत्र निर्माण र परीक्षा संचालन** : (१) प्रश्नपत्र निर्माण एवम् परिमार्जन गर्ने काम नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ को परिच्छेद ३ को नियम ५ अनुसार विषयविज्ञ सहितको छनौट समितिले गर्नेछ ।

(२) छनौट समितिले पदपूर्ति हुने पदको प्रकृति अनुसार वहालवाला शिक्षक वा सेवा निवृत शिक्षक वा विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण र परिमार्जन गराउनेछ । प्रश्नपत्रहरु सिलबन्दी गरी उचित भण्डारण गर्ने कर्तव्य समितिका संयोजक वा निजले तोकेको कर्मचारीको हुनेछ वा विषयबिज्ञको नाम रोष्टरबाट छानिनेछ ।

(३) समितिले तोकेको मिति, समय र स्थानमा परीक्षा संचालन हुनेछ । (४) लिखित परीक्षाको केन्द्राध्यक्ष छनौट समितिका संयोजकले तोकेको कर्मचारी हुनेछ । संयोजकले परीक्षा संचालन गर्नको लागि आवश्यक संख्यामा निरीक्षक खटाउन सक्नेछ ।

(५) समितिका पदाधिकारी, परीक्षामा खटिएका सुरक्षाकर्मी, परीक्षार्थी, सुरक्षाकर्मी, नगर उपप्रमुख र समितिका पदाधिकारी वा समितिको संयोजकबाट अनुमति प्राप्त कर्मचारी वा प्रतिनिधिवाहेक अन्य व्यक्तिलाई परीक्षा भवनमा प्रवेश गर्न दिने छैन ।

१३. **उत्तरपुस्तिका परीक्षण र नतीजा प्रकाशन :** (१) उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञले उम्मेदवारको पहिचान गर्न नसक्ने गरी समितिले लिखित परीक्षाको उत्तरपुस्तिकामा प्रथम र दोस्रो **Coding** (साँकेतीकरण) गर्ने व्यवस्था मिलाउनेछ ।

(२) Coding भएको उत्तरपुस्तिका सम्बन्धित विषय विशेषज्ञबाट परीक्षण र सम्परीक्षण गराइनेछ । समितिले उत्तरपुस्तिका परीक्षण गर्ने विधि, प्रक्रिया र आचारसंहिता विषय विशेषज्ञलाई उपलब्ध गराइनेछ ।

(३) विषयविज्ञले समयमै उत्तरपुस्तिका परीक्षण गरी परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य-सचिवसमक्ष पेश गर्नु पर्नेछ । (४) समितिले परीक्षण भएको उत्तरपुस्तिका सम्परीक्षण गर्ने व्यवस्था मिलाउन सक्नेछ । सम्परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य-सचिवलाई बुझाउनुपर्नेछ ।

(५) सिलबन्दी गरिएको उत्तरपुस्तिका समितिका सम्पूर्ण पदाधिकारीहरुको उपस्थितिमा खोली सामूहिक रूपमा रुजु गरी आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको नाम नेपाली वर्णनुक्रम अनुसार समावेश गरी लिखित परीक्षाको नतीजा प्रकाशन गर्नुपर्ने छ ।

१४. **प्रयोगात्मक परीक्षा, अन्तरवार्ता र अन्तिम नतिजा प्रकाशन :** (१) लिखित परीक्षामा सफल उम्मेदवारहरुलाई मात्र प्रयोगात्मक परीक्षा अन्तर्वार्तामा सहभागी गराइनेछ । तर, समितिले आवश्यक ठानेमा मात्र प्रयोगात्मक परीक्षा संचालन गरिनेछ ।

(२) प्रयोगात्मक परीक्षा र अन्तरवार्ता सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) समिति आफैंले अन्तर्वार्ता लिन सक्नेछ तिर, आवश्यक परेमा समितिले विषय विशेषज्ञताको आधारमा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी वा अन्यत्रबाट थप कर्मचारी/विषयविज्ञ मनोनयन गर्नसक्ने वा छुट्टै अन्तर्वार्ता समिति गठन गरी कार्य जिम्मेवारी दिन सक्नेछ ।

(४) अन्तर्वार्तामा रहने पदाधिकारीहरुले अन्तर्वार्ता छुट्टाछुट्टै अंक प्रदान गर्नेछन् र सबै अन्तर्वार्ताकारहरुले प्रदान गरेको अंकहरुको औसत गणना गरी उम्मेदवारले लिखित परीक्षा, प्रयोगात्मक परीक्षा भए सो परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अंक जोडी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु समावेश गरी समितिले आवश्यक संख्यामा सफल उम्मेदवार र १० प्रतिशत संख्यामा वैकल्पिक उम्मेदवारहरुको नामावली सहितको अन्तिम नतिजा प्रकाशन गर्नेछ ।

(५) समितिले अन्तिम नतिजामा परेका सफल उम्मेदवारहरुलाई करार नगर शिक्षक पदमा नियुक्तिका लागि सिफारिस सहित नगरपालिकामा पेश गर्नु पर्नेछ ।

परिच्छेद-५

उजुरी तथा नियुक्ति सम्बन्धी व्यवस्था

१५. **उजुरी दिनसक्ने तथा उजुरी उपर कारबाही सम्बन्धी व्यवस्था :** (१) अन्तिम नतिजा प्रकाशन तथा सिफारिस सम्बन्धमा कुनै उम्मेदवारलाई चित्त नबुझेमा त्यस्तो उम्मेदवारले अन्तिम नतिजा प्रकाशन भएको मितिले ७ दिनभित्र शिक्षा शाखामा निवेदन दिन सक्नेछ,

(२) त्यस्तो उजुरीउपर छानवीन गरी किनारा लगाउन नगरपालिकाले छानवीन समिति गठन गर्न सक्नेछ, सामान्यतया छानवीन समिति गठन भएको १५ दिनभित्र छानवीन समितिले उजुरीउपर कारवाहीका निर्णय गर्नेछ ।

(३) उजुरी उपर छानवीन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१६. **करार नियुक्ति सम्बन्धी व्यवस्था :** (१) सिफारिस उप्रर उजुरी परेको खण्डमा उजुरी उपर कारवाहीको निर्णयपश्चात् र उजुरी नपरेको अवस्थामा उजुरी दिने म्याद समाप्त भए पश्चात नगरपालिकाले चालु आ.व.को अन्तिम मसान्तसम्मको लागि अनुसूची २ बमोजिम सेवा करार सम्झौता गरी नगर शिक्षक पदमा नियुक्ति गर्नेछ । यसरी नियुक्ति गर्नु अघि पदस्थापन हुने विद्यालयहरुको सूची प्रकाशन गर्ने र सफल उम्मेदवारहरुलाई विद्यालय छनौट गर्न लगाई योग्यताक्रमका आधारमा पदस्थापन हुने विद्यालय समेत खुलाई

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा जिल्ला

नियुक्ति दिइनेछ ।

(२) नियुक्ति हुने नगर शिक्षकको कार्यसम्पादन सन्तोषजनक नरहेको व्यहोरा नगरपालिकाबाट भएको स्थलगत अनुगमन/निरीक्षणबाट देखिएमा नगरपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ । तर, निजलाई सफाइ पेश गर्ने मौकाबाट वन्चित गरिने छैन ।

(३) नगर शिक्षकको कार्यसम्पादन सन्तोषजनक रहेको व्यहोरा शिक्षा शाखा प्रमुखको रायसहित प्रमुख प्रशासकीय अधिकृतको सिफारिसबाट देखिएमा नगर शिक्षा समितिले करार अवधी थप गर्न सक्ने छ ।

(४) सेवा करारमा नियुक्त नगर शिक्षकको सेवा सुविधा दफा १८ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद-६
## विविध

**१७. <u>दरखास्त दस्तुर, समितिका पदाधिकारीहरुको सुविधा, परीक्षा संचालन खर्च तथा अन्य खर्च :</u>**

(१) नगर शिक्षक पदको लागि दरखास्त दस्तुर समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) विज्ञापन प्रकाशन भएको मितिले अन्तिम नतिजा प्रकाशन एवम् नियुक्तिको लागि सिफारिस गर्ने मितिसम्म समितिका पदाधिकारीहरुलाई खाजा वापत प्रतिदिन रु. ३५०/- का दरले उपलब्ध गराइनेछ ।

(३) समितिको बैठकको दिन समितिका पदाधिकारी तथा समितिले आवश्यक ठानेका आमन्त्रित सदस्यहरुले बैठक भत्ता र परीक्षा संचालन भएको दिन समितिका पदाधिकारी, केन्द्राध्यक्ष, निरीक्षक, अनुगमनकर्ता समेतलाई पारिश्रमिक वापत बैठक भए प्रति बैठक वा परीक्षासम्बन्धी कार्य वा अनुगमनको कार्यमा खटिएवापत प्रति दिन पारिश्रमिक रु. १०००/- र खाजा खर्च रु. १५०/- उपलब्ध गराइनेछ ।

(४) पदपूर्ति सम्बन्धी कामको सिलसिलामा खटिने पदाधिकारी वा कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेवापत प्रति दिन १ दिनको तलब बराबर अतिरिक्त भत्ता उपलब्ध गराइनेछ ।

(५) प्रश्नपत्र निर्माण गरेवापत प्रति सेट प्रश्नपत्र परिमार्जनको लागि शिक्षकसेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ । (६) उत्तरपुस्तिका परीक्षणमा खटिएवापत प्रति उत्तरपुस्तिका परीक्षणको लागि शिक्षक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**१८. <u>नगर शिक्षकको सेवा, शर्त र सुविधा</u> :** (१) नगर शिक्षकको मासिक निर्वाह भत्ता तथा अन्य सुविधा नगरपालिकाले समय-समयमा तोकेबमोजिम हुनेछ । तर, पहिलो पटकको लागि मासिक निर्वाह भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :

| क्र.स. | पद | तह | मासिक निर्वाह भता र चाडपर्व खर्च | पोशाक भता वार्षिक |
|---|---|---|---|---|
| १ | नगर शिक्षक | आधारभुत तह (कक्षा १-५) | रु.२००००/ | रु५००० |
| २ | नगर शिक्षक | आधारभुत तह (कक्षा ६-८) | रु.२५०००/ | रु५००० |
| ३ | नगर शिक्षक | माध्यमिक तह (कक्षा ९-१०) | रु.३००००/ | रु५००० |

(२) नगर शिक्षक शिक्षकले पाउने विदा र विदासम्बन्धी प्रक्रिया नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षकले पाए सरह हुनेछ तर नगर शिक्षक शिक्षकले असाधारण विदा, वेतलबी विदा र अध्ययन विदा पाउने छैन ।

(३) नगर शिक्षक शिक्षकको मासिक निर्वाह भत्ता निज कार्यरत विद्यालयको खातामा निकासा गरिनेछ । यसको लागि सम्वन्धित विद्यालयको त्रैमासिक रूपमा निकासा माग फारम नगरपालिकामा पेश गर्नुपर्नेछ । निकासापश्चात् सम्बन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा नगर

शिक्षकको बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ ।

**१९. नगर शिक्षकको आचारसंहिता :** (१) नगर शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

(क) नगरपालिकासँग भएको सम्झौता अनुरूपको कार्य इमान्दारितापूर्वक पालना गर्नुपर्नेछ ।

(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आए-गएको समय जनाई हाजिरी गर्ने र पहिलो विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म, तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(घ) नगरपालिकाको नीति तथा कानुन प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(ङ) कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुने,

(च) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्वन गर्ने,

(छ) आफ्नो सेवा सुविधा सम्बन्धमा कुनै प्रकारको संगठन गर्ने नहुने,

(ज) सम्झौता विपरीतको कार्य गर्ने र यस विरुद्ध उजुरी गर्न नहुने,

**२०. प्रमाणपत्रको व्यवस्था :** (१) नगर शिक्षकले सम्झौताबमोजिमको कार्यावधि पूरा गरेमा वा सोभन्दा बढी कार्य गरेमा नगरपालिकाले निजलाई शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गर्नेछ ।

**२१. अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :**(१) नगर शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र चौमासिक प्रतिवेदन पठाउने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(२) सम्बन्धित वडा कार्यालय र नगरपालिकाका पदाधिकारी एवम् कर्मचारीहरुबाट समयसमयमा नगर शिक्षकले गरेको कार्यको स्थलगत अनुगमन तथा निरीक्षण हुनेछ ।

**२२. खारेजी र बचाउ :** (१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ । तर, यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाकारी,<br>
**बिसुन मण्डल**<br>
शिक्षा शाखा प्रमुख

आज्ञाले<br>
**बालेश्वर मण्डल**<br>
नगरप्रमुख

अनुसुची-१

धनुषाधाम नगरपालिका,धनुषा

**नगर शिक्षक पदको लागि आवेदन फारम**

तह र विषय फरक भएमा छुट्टाछुट्टै फारम भर्नुपर्नेछ । तर एउटा तह/विषयको एकभन्दा बढी समुहको लागि फारम प्रयोग गर्नुपर्नेछ ।

क. उम्मेदबारले सेवा गर्न चाहेको पद :नगर शिक्षक - विज्ञापन नं.

तह : विषय : समुह :

खः : उम्मेदबारको वैक्तिक विवरण :

| | |
|---|---|
| उम्मेदबारको नाम/थर | देवनागरीमा : |
| | IN ENGLISH BLOCK LETTER : |
| स्थायी ठेगाना : | जिल्ला : गा.पा./न.पा.<br>वडा नं. :<br>टोल : इमेल : |
| पत्राचार गर्ने ठेगाना | जिल्ला : गा.पा./न.पा.<br>वडा नं. : |

अजित प्रसाद दास

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा जिल्ला
मधेश प्रदेश नेपाल

| | | | |
|---|---|---|---|
| | टोल : | | |
| बाबुको नाम/थर : | | इमेल : | सम्पर्क नं. : |
| बजेको नाम/थर : | | आमाको नाम/थर : | |
| जन्म मिति (वि.सं.मा) : | | पति/पत्नीको नाम/थर : | |
| | ई.सं.मा : | हालको उमेर :.......वर्ष...महिना | |

ग. शैक्षिक योग्यतासम्बन्धी विवरण(न्युनतम र सो भन्दा मुनि SLC/SEE सम्मको)

| न्युनतम योग्यता | विश्वविद्यालय/वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) संलग्न कागजातहरुको विवरण (संलग्न प्रति संख्या समेत उल्लेख गर्ने) :

१. २.
३. ४.
५. ६.
७. ८.

(ङ) माथि उल्लिखित व्यहोरा ठीक सांचो हो भनी उम्मेदवारले सहीछाप गर्ने :

| उम्मेदवारको ल्याप्चे | | दस्तखत | मिति |
|---|---|---|---|
| दाया | बया | | |
| | | | |

**हालसालै खिचेको पासपोर्ट साइजको फोटो टासी फोटोमा फोटो पर्ने गरी उम्मेदवारले सही गर्ने**

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम,धनुषा (मधेश प्रदेश, नेपाल)
नगर शिक्षक प्रतियोगिता
**प्रवेश पत्र**

**उम्मेदवारले भर्ने :**

क. उम्मेदवारको नाम र थर :
ख. तह :
ग. विषय :
घ. समूह : एउटा तह/विषयको फरक फरक समूह भए सबै समूह र विज्ञापन नं. उल्लेख गर्ने ।

| विज्ञापन नं. | | | | |
|---|---|---|---|---|
| समूह | | | | |

ङ. स्थायी ठेगाना : जिल्ला...................... गा.पा./न.पा...................... वडा नं...............
च. परीक्षार्थीको दस्तखत :............................ मिति :..............................

**सम्बन्धित कर्मचारीले भर्ने :**

मिति :....................मा हुने स्वयंसेवक शिक्षक प्रतियोगितामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ ।
परीक्षा केन्द्र :.......................................... रोल नं. :..........................................
अधिकृतको दस्तखत

**हालसालै खिचेको पासपोर्ट साइजको फोटो टासी फोटोमा फोटो पर्ने गरी उम्मदवारले सही गर्ने**

**धनुषाधाम नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम,धनुषा (मधेश प्रदेश, नेपाल)
नगर शिक्षक प्रतियोगिता
**प्रवेश पत्र**

धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनुषाधाम, धनुषा जिल्ला मधेश प्रदेश, नेपाल

**उम्मेदवारले भर्ने :**

क. उम्मेदवारको नाम र थर :
ख. तह : ग. विषय :
घ. समूह : एउटा तह/विषयको फरक फरक समूह भए सबै समूह र विज्ञापन नं. उल्लेख गर्ने ।

| विज्ञापन नं. | | | | |
|---|---|---|---|---|
| समूह | | | | |

ङ. स्थायी ठेगाना : जिल्ला.....................गा.पा./न.पा..................... वडा नं...............
च. परीक्षार्थीको दस्तखत :............................ मिति :..............................

**सम्बन्धित कर्मचारीले भर्ने :**

मिति :.....................मा हुने नगर शिक्षक प्रतियोगितामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ ।
विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ ।
परीक्षा केन्द्र :............................................ रोल नं. :..........................................................
अधिकृतको दस्तखत

अनुसूची - २

## नगर शिक्षक सेवा करार सम्झौता

धनुषाधाम नगरपालिका, धनुषा (यसपछि प्रथम पक्ष भनिनेछ) र............जिल्ला ........................गा.पा./न.पा....................गाउ/टोल वडा नं....... स्थायी ठेगाना भई हाल................ बस्ने श्री ........................................को छोरा/छोरी/पति/पत्नीश्री ..................................(यसपछि दोस्रो पक्ष भनिनेछ) बीच नगर शिक्षकको रूपमा ....................तह ........................ विषयमा कार्य गर्न भएको सम्झौता पत्र ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

(क) नगर शिक्षक व्यवस्थापन कार्यविधि,२०८१बमोजिम सम्बन्धित विद्यालयको खातामा त्रैमासिक रूपमा निर्वाह भत्ता निकासा उपलब्ध गराउने,
(ख) नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम विदा तथा अन्य सुविधा उपलब्ध गराउने,
(ग) नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आचारसंहिता पालना गराउने,
(घ) नगर शिक्षकले सम्झौता बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने/गराउने ।

**(२) दोस्रो पक्षले गर्नुपर्ने शर्तहरु :**

(क) विद्यालयमा नियमित रूपमा उपस्थित भई पठनपाठनमा सहभागी हुनुपर्ने,
(ख) नियमित पठनपाठनको साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले सुम्पिएकोजिम्मेवारी पूरा गर्नुपर्ने,
(ग) नगर शिक्षक व्यवस्थापन कार्यविधि,२०८१बमोजिमको आचारसंहिता पालना गनपर्ने ,
(घ) नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ बमोजिमको सुविधावाहेक अन्य कुनै प्रकारको सेवा सुविधा दावी गर्न पाइनेछैन ।

**दोस्रो पक्षको तर्फबाट**
नाम,थर :
ठेगाना :

**प्रथम पक्षको तर्फबाट**
नाम,थर :
ठेगाना :

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

दस्तखत :
मिति :
**रोहवर**
नाम, थर
पद :
दस्तखत :
मिति :

दस्तखत :
मिति :
**रोहवर**
नाम, थर
पद :
दस्तखत :
मिति :



संजित प्रसाद दास
नि. प्रमुख प्रशासकीय अधिकृत

वालेश्वर मण्डल
नगर प्रमुख